लालबन्दीनगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही, मधेश प्रदेश, नेपाल

## आन्तरिक आय(बजार)ठेक्कासँगसम्वन्धित सूचना ।

(प्रथम पटक प्रकाशितमिति :२०८०/०३/१२)

यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहायबमोजिमका आन्तरिक श्रोत तर्फको कर, शुल्कतथा दस्तुरहरु आ.ब. २०८०/०८१ का लागि लालबन्दी नगरपालिकाले तोकेको दररेटमा संकलन गर्नेगरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्मवा व्यक्तिहरुबाट निम्नलिखि तशर्तको अधिनमा रही आफ्नो फर्म ईजाजतपत्र नवीकरण भएको प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाणपत्र/स्थायी लेखानम्वर दर्ता प्रमाणपत्र, आर्थिक बर्ष २०७८/०७९ को करचुक्ताको प्रमाणित प्रतिलिपिहरू र व्यक्तिको हकमा नेपालीनागरिकताको प्रमाणपत्रको प्रतिलिपि सहितको लिखित निवेदनका साथ तोकिएको दस्तुरमा दरभाउपत्र फारम यस कार्यालयबाट सूचना प्रकाशितभएको मितिले १५(पन्ध्र)दिनभित्र खरिद गरि रित पूर्वकको गोप्य शिलबन्दी दरभाउपत्र **१६ (सोह्रौं) दिनको मध्यान्ह १२:०० बजे भित्र** पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

| ठेक्कानं. | ठेक्काको किसिम | क्षेत्र | न्यूनतमअंक | बोलपत्रफाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| आ.आ. ०५-०८०/०८१ | गुदरी बजार, नवलपुर | लालबन्दी न.पा., नवलपुर बजार | रु.१३,२०,०००।- | रु.१०००।- | |
| आ.आ. ०६-०८०/०८१ | कवाडी संकलन तथा निकासी | लालबन्दी नगरपालिका क्षेत्र | रु.१०,४५,०००।- | रु.१०००।- | |
| आ.आ. ०७-०८०/०८१ | तरकारी तथा फलफुल बजार, नवलपुर | लालबन्दी न.पा., नवलपुर बजार | रु.३,३०,०००।- | रु.१०००।- | |
| आ.आ. ०८-०८०/०८१ | राँगा, मासु तथा सुंगुर बजार, नवलपुर | लालबन्दी न.पा., नवलपुर बजार | रु.२,७५,०००।- | रु.१०००।- | |

**सर्तहरु :**

१. ठेक्का अवधी २०८१ आषाढ मसान्त सम्मको हुनेछ ।

२. धरौटी बापत कबोल अंकको (मू.अ. कर सहित) ५(पाँच) प्रतिशतले हुनआउने रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको **धरौटी खाता नं. १२८०१००३०३००००२** मा रकम जम्मा गरेको अर्धकट्टीको सक्कल भौचरको वा"क"वर्गको बैंकबाट ठेक्का नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिनको म्याद भएको रित पूर्वकको बोलपत्र जमानत (बिड बण्ड) शिलबन्दी दरभाउपत्रका साथ पेश गर्नु पर्नेछ । धरौटी बापतको रकम यस कार्यालय तथा वडा कार्यालयहरुबाट नगदबुझिने छैन ।

३. दरभाउपत्र दाताले आफुले कबोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

४. सबै किसिमको ठेक्कामा हालको कानूनी व्यवस्थामा नेपाल/प्रदेश सरकारबाट अन्य निर्णय भई आएमा सोही बमोजिम हुनेछ । आफुले कबोल गरेको ठेक्कामा लाग्ने नेपाल सरकारको कर,शुल्क दरभाउपत्र दाता स्वयंले ब्यहोर्नु पर्नेछ ।

५. स्वीकृत दरभाउपत्रदाताले आफुले कबोल गरेको रकम ठेक्का सम्झौतामा उल्लेखित मापदण्ड बमोजिम बुझाउनु पर्नेछ ।

६. लालबन्दी नगरपालिकालाई तिर्नुपर्ने बाँकी रकम तथा जिन्सी सामानहरु बक्यौता देखिएमा त्यस्ता व्यक्तिहरुको नाममा ठेक्का स्वीकृती हुने छैन र निजको बक्यौता रकम धरौटीबाट असूलउपर गरि बाँकी रकम भुक्तानी गरिनेछ ।

७. जुन व्यक्ति वा फर्मको नामबाट दरभाउपत्र खरिद भएको हो सोही व्यक्ति वा फर्मको नामबाट मात्र दरभाउपत्र दर्ता गर्न सकिनेछ। अन्यव्यक्ति वा फर्मको नामबाट दर्ता गराएको दरभाउपत्रलाई मान्यतादिईने छैन । साथै हुलाक सेवा, कुरियर आदीबाट पठाएको दरभाउपत्र स्वीकार्य हुने छैन । शिलबन्दी खाममा कुन ठेक्काको लागि दरभाउपत्र दाखिला गरेको हो स्पष्ट रुपले खुलाउनु पर्नेछ । साथै दरभाउपत्र दाताको नाम र ठेगाना स्पष्ट रुपले खामको बाहिर उल्लेख गरेको हुनु पर्नेछ ।

८. माथि उल्लेख भएको ठेक्काहरु मध्ये सबै वा छुट्टा छुट्टै रुपमा पेश गर्न सकिनेछ । उक्त बमोजिम पर्न आएको दरभाउपत्र स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनछ ।

९. यो सूचना प्रकाशित भएको मितिले १५औं दिनभित्र लालबन्दी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट दरभाउपत्र फाराम खरिद गरी १६औं दिनको मध्यान्ह १२:००बजे भित्र लालबन्दी नगरपालिका,नगर कार्यपालिकाको कार्यालय,१ र २ नं. वडा कार्यालय, नेत्रगंज र १७ नं.वडा कार्यालय रानिगञ्जमा दर्ता गराउन सकिनेछ र सोहीदिनको ०२:०० बजे लालबन्दी नगर कार्यपालिकाको कार्यालयमा दरभाउपत्र खोल्ने कार्य हुनेछ। दरभाउपत्र फाराम खरिद तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । एक पटक दर्ता भै सकेको दरभाउपत्र फिर्ता हुने छैन ।

१०. दरभाउपत्र सम्बन्धी अन्यकुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र लालबन्दीनगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ । अन्य कुराहरु प्रचलित ऐन, नियम र कानूनअनु सार हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रकाशक /विशेष सम्पादक : कृष्ण थपलिया सम्पादक :नबिन उप्रेती । लालबन्दी ७ सर्लाही मो. ९८४४०६२२८६ E-mail -krishnasamarpan@gmail.com मुद्रण : पाथीभरा अफसेट प्रेस लालबन्दी,सर्लाही